नेपाल खुला विश्वविद्यालय

सामाजिक शास्त्र तथा शिक्षा सङ्काय

मानभवन, ललितपुर

# सेमेस्टर प्रणालीमा आधारित
# एम ई एस नेपाली शिक्षा विषयको पाठ्यक्रम निर्देशिका, २०७७

Masters in Educational Sciences in Nepali Education Guideline, 2020

**१. परिचय**

नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित २ वर्षे स्नातकोत्तर तह (एम ई एस कार्यक्रम) को नेपाली शिक्षा विषय पाठ्यक्रम निर्माणका लागि यो निर्देशिका तयार पारिएको हो । यस निर्देशिका अन्तर्गत पाठ्यक्रम निर्देशिकाको सन्दर्भ, पाठ्यक्रम निर्देशिकाको उद्देश्य, पाठ्यक्रम निर्देशिकाको औचित्य, विद्यार्थी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, पाठ्यक्रमको संरचना, पाठ्यांशको नाम, पाठ्यांशको अवधि, पाठ्यांशको प्रकृति, पाठ्यांशका उद्देश्यहरू, पाठ्यांश प्रस्तुतिको माध्यम / तरिका, शिक्षण सिकाइ रणनीति, मूल्याङ्कनको मापदण्ड र विद्यार्थी सहायता प्रणाली समावेश गरिएको छ । यस निर्देशिकाअन्तर्गत निर्माण हुने पाठ्यक्रम विद्यार्थीहरूमा पेसागत सिप (Professional Skill) र शैक्षिक उपाधि (Academic Degree) दुवै हासिल गर्न केन्द्रित रहनेछ ।

**२. पाठ्यक्रम निर्देशिकाको सन्दर्भ**

सेमेस्टर प्रणालीमा आधारित दुई वर्षे स्नातकोत्तर तहको नेपाली शिक्षा विषयको पाठ्यांश निर्माण गर्न यो निर्देशिका तयार गरिएको हो । यस सन्दर्भमा नेपाली विषयमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूलाई पेसागत सिप र शैक्षिक योग्यता हासिल गर्नका लागि आवश्यक पाठ्यवस्तु समावेश गरी भर्चुअल मोडमा आधारित स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण गर्नु पर्नेछ ।

**३. पाठ्यक्रम निर्देशिकाको उद्देश्य**

प्रस्तुत निर्देशिकाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नेपाली शिक्षा विषयसम्बद्ध पेसागत सिप र संज्ञानात्मक पाठ्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउने ।

ख) विषयगत र व्यावहारिक पक्षसम्बद्ध पाठ्यांश समावेश गरी तिनका बिच समन्वय हुने पाठ्यक्रम तयार गर्ने ।

ग) नेपाली शिक्षा विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गर्न आवश्यक पर्ने पाठ्यांश सम्बद्ध उद्देश्य, विषयवस्तु छनौट, शिक्षण विधि, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन समाविष्ट पाठ्यक्रम तयार गर्ने ।

घ) भर्चुअल मोडमा आधारित पाठ्यक्रमको स्पष्ट ढाँचा निर्माणमा निर्देश गर्ने ।

ङ) नेपाली शिक्षा विषय अध्ययन गर्न चाहने व्यक्तिहरूका लागि स्नातक तहको पूरक र दर्शनाचार्य (एम फिल) तहका लागि आवश्यक पाठ्यक्रमको पूर्वाधार तयार गर्न निर्देश गर्ने ।

**४. पाठ्यक्रम निर्देशिकाको औचित्य**

विद्यार्थीहरूमा आवश्यक पेसागत सिप तथा दक्षता हासिल गर्ने पाठ्यक्रम निर्माण गर्न यस निर्देशिकाले सहयोग पुऱ्याउनेछ । यसका साथै सेवामा रहेका र सेवा प्रवेश उन्मुख शिक्षकहरूलाई शैक्षिक क्षेत्रका नयाँ ज्ञान तथा पेसागत क्षमता अभिवृद्धि गर्ने पाठ्यक्रम निर्माण गर्न समेत यस निर्देशिकाले मद्दत पुऱ्याउनेछ । यसरी नै शैक्षिक प्रशासकहरू, प्रबन्धकहरू, विशेषज्ञहरू र शैक्षिक प्रशिक्षकहरूलाई सैद्धान्तिक र प्रायोगिक क्षेत्रमा कार्य गर्न सक्षम बनाउने र उनीहरूका सम्बन्धित क्षेत्रमा सक्षमता प्रदर्शन गर्न सक्षम हुने पाठ्यक्रम तयार गर्न यो निर्देशिका उपयोगी हुनेछ । त्यसैगरी सरकारी तथा गैरसरकारी संस्थाहरूमा शिक्षासँग सम्बन्धित मानव स्रोत उपलब्ध गराउने पाठ्यक्रम तयार गर्न पनि यो निर्देशिका आवश्यक छ ।

**५. आवश्यक शैक्षिक योग्यता**

दुई वर्षे एम ई एस कार्यक्रम अन्तर्गतको नेपाली शिक्षा विषयमा अध्ययन गर्न इच्छुक व्यक्तिको न्यूनतम शैक्षिक योग्यता नेपाली विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण हुनु पर्नेछ ।

स्नातक तह शिक्षा शास्त्रभन्दा फरक सङ्कायबाट उत्तीर्ण गरेको भए शिक्षा विषयको एउटा पाठ्यांश थप अध्ययन गर्नु पर्नेछ ।

उच्च शिक्षाका क्षेत्रमा विशिष्टीकरणको क्षेत्र किटान नभएका विषयहरूको हकमा योग्यताको मापदण्ड नेपाल खुला विश्वविद्यालयको नियम, कानुनअनुसार हुनेछ ।

**६. पाठ्यक्रमको संरचना**

प्रस्तुत पाठ्यक्रम निर्देशिका नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा सङ्कायको एम ई इस निर्देशिका -२०७७ (Masters in Educational Sciences (MES) Program Guideline- 2020) द्वारा निर्देशित छ । एम ई एस तहको पाठ्यक्रमको संरचनामा निम्नलिखित पक्षहरू समावेश गरिएका छन् :

**५.१ पाठ्यांशको अवधि**

एम ई एस दुई वर्षे कार्यक्रमको पाठ्यांश अवधि चार सेमेस्टरसहित २ वर्षको हुनेछ ।

**५.२ पाठ्यांशको प्रकृति**

प्रस्तुत पाठ्यांशको प्रकृति दुई वर्गमा संरचित छ :

क) पेसागत : यो मुख्य पाठ्यांश हो ।यसमा सक्षमतामा आधारित पाठ्यांशहरू समावेश गरिनेछन् ।

ख) विशिष्टीकरण : विशिष्टीकरणभित्र शैक्षिक र पेसागत पाठ्यांशहरू समावेश गरिनेछ ।

**५.३ पाठ्यांशका उद्देश्यहरू**

यो पाठ्यक्रम सक्षमतामा आधारित हुनेछ । निर्धारित सक्षमतहरूलाई सिकाइ उपलब्धिहरूमा वितरण गरिनेछ ।यस अन्तर्गत तहगत र पाठगत सक्षमताहरू तयार गरिनेछ ।उद्देश्यहरू निर्धारण गर्दा यस पाठ्यक्रम निर्देशिकाको तेस्रो एकाइको उद्देश्य शीर्षकमा उल्लेख भएअनुसार तयार गरिनेछ ।

**५.४ पाठ्यांश संरचना**

पाठ्यांश संरचना निर्माण गर्दा सेमेस्टर, पाठ्यांश वितरण, पाठ्यांशको नाम, क्रेडिट आवर र पाठ्यांशको प्रकृति, भार, पूर्णाङ्क र उत्तीर्णाङ्क समावेश गरिनेछ ।

नेपाली शिक्षा विषयको पाठ्यक्रम चार सेमेस्टरमा सञ्चालन हुनेछ । उक्त पाठ्यक्रमका पाठ्यांशहरू पेसागत (Professional) र विशिष्टीकरण (Specialization) गरी दुई प्रकृतिका रहनेछन् । पेसागत मुख्य पाठ्यांशका रूपमा रहनेछ भने विशिष्टीकृत पाठ्यांश शैक्षिक योग्यता र पेसागत सिप हासिल गर्ने किसिमको हुनेछ । यी पाठ्यांशहरू सैद्धान्तिक र प्रायोगिक दुवै प्रकारका हुनेछन् । Core Course सैद्धान्तिक प्रकृतिको हुनेछ भने Specialization Course चाहिँ Academic र प्रयोगात्मक किसिमको हुनेछ । उक्त पाठ्यक्रममा १६ घण्टालाई एक क्रेडिट आवर मानिनेछ। यो पाठ्यक्रम जम्मा ६० क्रेडिट आवरको हुनेछ । साथै शिक्षा विषय पृष्ठभूमि नभएका विद्यार्थीहरूले प्रथम सेमेस्टरमा ३ क्रेडिट आवरको शिक्षाका आधारहरू (Fundamentals of Education) थप पाठ्यांश अध्ययन गर्नु पर्नेछ । मुख्य पाठ्यांश (Core Course) शोधपत्र लेखन सहित ६० क्रेडिटमध्ये २४ क्रेडिट (जम्मा क्रेडिटको ४० प्रतिशत) आवरको हुनेछ । विशिष्टीकरण पाठ्यांश (Specialization Course) अभ्यास शिक्षण/ इन्टर्नसिप सहित ६० क्रेडिटमध्ये ३६ क्रेडिट (जम्मा क्रेडिटको ६० प्रतिशत) आवरको हुनेछ । विशिष्टीकरण क्षेत्रको ३६ क्रेडिट आवरमध्ये ३० क्रेडिट आवरको पाठ्यांश (विशिष्टीकरण पाठ्यांशको लगभग ७७ प्रतिशत)

शैक्षिक (Academic) प्रकृतिको हुन्छ र ६ क्रेडिट आवरको पाठ्यांश (विशिष्टीकरण पाठ्यांशको लगभग २३ प्रतिशत) पेसागत प्रकृतिको हुनेछ ।

पाठ्यक्रमको पाठ्यांश वितरण तालिका निम्नानुसार रहनेछ :

| Semester I | | | Semester II | | |
|---|---|---|---|---|---|
| **Course Name** | **Cr.** | **Nature** | **Course Name** | **Cr.** | **Nature** |
| Philosophical and Historical Perspectives of Education | **3** | **Core** | Educational Psychology and Learning Theories | **3** | **Core** |
| Research in Education | **3** | **Core** | Applied Statistics in Education Research | **3** | **Core** |
| Social Foundations of Education | **3** | **Core** | नेपाली आख्यान र शिक्षण | **3** | **Specialization-III** |
| भाषाविज्ञान (सामान्य, सामाजिक तथा प्रायोगिक भाषाविज्ञान) | **3** | **Specialization-I** | नेपाली नाटक तथा निबन्ध र शिक्षण | **3** | **Specialization-IV** |
| नेपाली कविता काव्य र शिक्षण | **3** | **Specialization-II** | भाषिक साहित्यिक अनुसन्धान विधि | **3** | **Specialization-V** |
| **Total** | **15** | | **Total** | **15** | |

**Note**: Fundamentals of Education for non-education background in 1st semester

| Semester III | | | Semester IV | | |
|---|---|---|---|---|---|
| **Course Name** | **Cr.** | **Nature** | **Course Name** | **Cr.** | **Nature** |
| Curriculum and Assessment | **3** | **Core** | शिक्षकको पेसागत विकास | **3** | **Specialization-X** |
| पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त र शिक्षण | **3** | **Specialization-VI** | भाषिक सिप शिक्षण | **3** | **Specialization-XI** |
| स्वायत्त अध्ययन (कार्यमूलक लेखन) | **3** | **Specialization-VII** | Teaching Practice/ Internship | **3** | **Specialization-XII** |
| *Elective (थप ऐच्छिक) | **3** | **General or specialization-VIII** | Thesis | **6** | **Core** |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाली समालोचना र सिर्जनात्मक लेखन | **3** | **Specialization-IX** | | | |
| Total | **15** | | **Total** | **15** | |

*Elective (थप ऐच्छिक)
१. अनुवाद सिद्धान्त
२. सङ्कथन विश्लेषण
३. पाठसम्पादन
४. नेपाली भाषाको शिक्षण सिकाइमा सूचना प्रविधि
(कुनै एक पाठ्यांश लिनु पर्नेछ ।)

## ७. पाठ्यांश प्रस्तुतिको माध्यम / तरिका (Mode of Delivery)

पाठ्यांश प्रस्तुतिको माध्यमका दुई तरिका रहनेछन् ।

क) खुला (अनलाइन/अफलाइन)
पाठ्यांशको प्रस्तुति अनलाइन मोड लगभग २५ प्रतिशत र अफलाइन मोड ६० प्रतिशतको ढाँचामा हुनेछ ।

ख) पर्सन टु पर्सन (प्रत्यक्ष)
लगभग १५ प्रतिशत पर्सन टु पर्सन मोडमा पाठ्यांश प्रस्तुति हुनेछ ।

## ८. शिक्षण सिकाइ रणनीति

सिकारु केन्द्रित र सिपमा आधारित शिक्षण सिकाइ रणनीति हुनेछ । शिक्षण सिकाइ क्रियाकलापमा Pedagogy र Andragogy लाई उपयोग गरिनेछ । सिकाइमा व्यक्तिगत र सामूहिक कार्य दुवैलाई जोड दिइनेछ । पाठ्यांश प्रस्तुतीकरण गर्दा TEAMS र MOODLE (सिकाइ व्यवस्थापन प्रणाली: LMS) का माध्यमबाट अनलाइन र अफलाइन ढाँचा अपनाइनेछ । प्रशिक्षकद्वारा साँझको समयमा दैनिक रूपमा टिम्समार्फत् अनलाइन कक्षा, कक्षा प्रस्तुतीकरण, छलफल तथा अन्तरक्रिया गरिनेछ । सिकारुहरूले पनि सोहीअनुसार सहभागी हुनुपर्नेछ ।

## ९. मूल्याङ्कनको मापदण्ड

पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक दुई प्रकारको मूल्याङ्कन प्रणाली रहनेछ । निर्माणात्मक मूल्याङ्कनका लागि आन्तरिक रूपमा विशेषत: निरन्तर मूल्याङ्कन

प्रणाली अपनाइनेछ । निर्णयात्मक मूल्याङ्कनका लागि गरिने बाह्य परीक्षा भने पर्सन टु पर्सन (प्रत्यक्ष) वा डिस्टेन्स मोड दुईमध्ये कुनै एक माध्यमद्वारा लिखित र प्रयोगात्मक दुवै किसिमबाट सञ्चालन गरिनेछ । मूल्याङ्कन पद्धति लेटर ग्रेडिङ प्रणालीमा आधारित हुनेछ।

मूल्याङ्कन पद्धतिलाई तालिकामा यस प्रकार देखाइएको छ :

क) परीक्षा प्रणाली

| आन्तरिक मूल्याङ्कन प्रणाली (४०%) | बाह्य मूल्याङ्कन प्रणाली (६०%) |
|---|---|
| क) ई-पोर्टफोलियो (पाठात्मक मूल्याङ्कन, व्यक्तिगत सहभागिता र समूह प्रस्तुति, सामूहिक सहभागिता मूल्याङ्कन)<br>ख) परियोजना कार्य र प्रस्तुतीकरण | विषयको प्रकृति अनुसार लिखित र प्रयोगात्मक परीक्षा |

ख) लेटर ग्रेडिङ् प्रणाली

१०० पूर्णाङ्कलाई अधिकतम ४ जि पि ए मानेर निम्नानुसार लेटरग्रेडिङ् प्रणाली अपनाइनेछ :

| Letter Grade | GPA | Marks in Percentage | Remarks |
|---|---|---|---|
| A | 4 | 90 and Above | Outstanding |
| A- | 3.7 | 80-89.99 | Excellent |
| B+ | 3.3 | 70-79.99 | Very Good |
| B | 3 | 60-69.99 | Good |
| B- | 2.7 | 50-59.99 | Satisfactory |
| F | Below 2.7 | Below 50 | Fail |

## १०. विद्यार्थी सहायता प्रणाली

विद्यार्थी सहयताका लागि सम्बन्धित प्रशिक्षक, शिक्षक तथा कर्मचारीहरूद्वारा मुडल, टिम्स, इमेल, फोन, इन्टरनेट, वेभसाइट युट्युव आदि माध्यमद्वारा विद्यार्थीहरूलाई सहजीकरण गरिनेछ। यसका साथै निम्नलिखित पक्षहरू पनि विद्यार्थी सहायता प्रणालीका लागि मुख्य साधन हुनेछन् :

क) प्रकाशित सामग्रीहरू : पुस्तकहरू, लेख/जर्नलहरू, पत्रिकाहरू, समाचारपत्रहरू, प्रतिवेदनहरू, डाटावेस, फोटोग्राफ चार्ट ।

ख) विद्युतीय सामग्रीहरू : पुस्तकहरू, लेख/जर्नलहरू, पत्रिकाहरू, समाचारपत्रहरू, प्रतिवेदनहरू, डाटावेस, फोटोग्राफ चार्ट ।

**ग)** श्रव्य दृश्य सामग्रीहरू : शैक्षणिक भिडियो, फिलमस्ट्रिप, टेपरेकर्डर, राष्ट्रिय वा स्थानीय रेडियो वा टेलिभिजन, एफ एम प्रसारण वा स्लाइडहरू ।